नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(..............................शाखा)

मितिः २०७७/०६/०७

प.सं.:
च.नं.:

विषयः युवाक्लब गठन, नवीकरण तथा नमूना युवा संसद अभ्यास सम्बन्धमा ।

श्री स्थानीय तहहरु
सबै

युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरु मध्ये युवा परिचालन, सहभागिता र नेतृत्व विकास पनि एक हो । राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजनको मार्गनिर्देशन बमोजिम राष्ट्रिय युवा परिषदले आव २०७४/०७५ देखि युवाको नेतृत्व क्षमता विकास तथा परिचालन गर्ने उद्देश्यले स्थानीय, प्रदेश र संघीय तहमा नमूना युवा संसद ( Mock Youth Parliament) को अभ्यास गर्दै आइरहेको छ ।नमूना युवा संसद अभ्यासको आधार भनेको वडास्तरीय युवाक्लबहरु हुन् । सोको लागि चालु आव २०७७/७८ मा समेत प्रत्येक जिल्लाका १-१ वटा नयाँ पालिकाहरुमा उक्त कार्यक्रमका लागि सशर्त अनुदानको रुपमा बजेट समेत विनियोजन भएको अवस्था छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यले परिषदले युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ समेत जारी गरेको छ । यस कार्यविधि बमोजिम कार्यक्रम परेका स्थानीय तहका वडाहरुमा युवाक्लब गठन गर्ने र युवाक्लबबाट छनौट भई आएका युवा प्रतिनिधिहरु सम्मिलित गाउँ/नगर स्तरमा नमूना युवा संसदको अभ्यास गर्ने कार्यक्रम रहेको छ । अतः वडास्तरीय युवाक्लवको पदावधि २ वर्षको रहने भएकोले यस कार्यक्रम परेका पालिकाका सबै वडाहरुले यदि कार्यविधि बमोजिम युवाक्लब गठन नगरेको भए यथाशिघ्र गठन गर्नु हुन र पूर्व गठित युवाक्लबको म्याद (दुईवर्षे कार्यकाल) समाप्त भएको भए पुनर्गठन गरी तोकिएको कार्यविधि तथा यस परिषदको कार्यक्रम सहजीकरण पुस्तिका बमोजिम समयमा नै कार्यसम्पादन गर्नु गराउनु हुन अनुरोध छ । नमूना युवा संसदको कार्यक्रम नपरेका स्थानीय तहहरुले पनि आफ्नै पहल र स्रोतमा युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिम युवाक्लब गठन तथा नमुना युवा संसदको अभ्यास गर्न सक्नेछन् । सोको जानकारी यस परिषदमा गराएमा ती पालिकाहरुबाट समेत प्रदेश स्तरको नमुना युवा संसद सञ्चालन प्रक्रियामा सहभागी हुन सक्नेछन् । प्रदेश तहमा हुने नमूना युवा संसदको अभ्यास सम्बन्धी कार्यक्रमको सूचना तथा व्यस्थापन सम्बन्धित प्रदेश स्थित सामाजिक विकास मन्त्रालयबाट हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । युवाक्लब गठन तथा नमूना युवा संसद सञ्चालन सम्बन्धी कार्यविधि २०७५ यस परिषदको वेवसाइट www.nyc.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

.........................
डा. बाबुराम ढुङ्गाना
नि. प्रशासकीय प्रमुख

प्रशासकीय प्रमुख

बोधार्थः
श्री सामाजिक विकास मन्त्रालय - ७ प्रदेश
श्री संघीय युवाक्लब सञ्जाल : आवश्यक संयोजन तथा सहजीकरण गर्नुहुन ।

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)